# विगतका आयोग, समिति र कार्यदलका बाँकी काम सम्पन्न गर्ने सम्बन्धी कार्यविधि, २०८१

## नेपाल सरकार

भूमि समस्या समाधान आयोग

ताहाचल, काठमाडौं

नेपाल सरकार
भूमि समस्या समाधान आयोग
ताहाचल, काठमाडौं

# विगतका आयोग, समिति र कार्यदलका बाँकी काम सम्पन्न गर्ने सम्बन्धी कार्यविधि, २०८१

भूमि समस्या समाधान आयोग आदेश, २०८१ को दफा २० को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी आयोगले देहायको कार्यविधि बनाएको छ ।

## परिच्छेद-१

## संक्षिप्त नाम र परिभाषा

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "विगतका आयोग, समिति र कार्यदलका बाँकी काम सम्पन्न गर्ने सम्बन्धी कार्यविधि, २०८१ " रहेको छ ।

(२) यो कार्यविधि मन्त्रालयबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ ।

**२. परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "अव्यवस्थित बसोबासी" भन्नाले ऐनको दफा ५२ (ग) को स्पष्टिकरण खण्डमा उल्लेख भए बमोजिम सरकारी, ऐलानी, पर्ती वा सरकारी अभिलेखमा वन जनिएको भए तापनि लामो समयदेखी आवाद कमोत गरी घर टहरा बनाई बसोबास गरेका ऐनको दफा ५२ (ग)को उपदफा (३) को आधारमा वर्गीकरण गरिएका व्यक्तिलाई सम्झनु पर्छ र सो शब्दले निज प्रति आश्रित परिवारका सदस्य समेतलाई जनाउँछ ।

(ख) "आयोग" भन्नाले भूमि समस्या समाधान आयोग गठन आदेश, २०८१ को दफा ३ बमोजिम गठित आयोग सम्झनु पर्छ।

(ग) "ऐन" भन्नाले भूमि सम्बन्धी ऐन, २०२१ लाई सम्झनु पर्छ।

(घ) "नियमहरू" भन्नाले भूमिसम्बन्धी नियमहरू, २०२१ लाई सम्झनु पर्दछ ।

(ङ) "परिवार" भन्नाले भूमिहीन दलित, भूमिहीन सुकुम्बासी वा अव्यवस्थित बसोबासीको पति, पत्नी, बाबु, आमा र छोराछोरी सम्झनु पर्दछ । तर सो शब्दले कानूनबमोजिम अंशवण्डा गरी मानो छुट्टिएको प्रमाणित भै आ-आफ्नो पेसा व्यवसाय गरी बसेको परिवारको सदस्यलाई जनाउने छैन ।

(च) "भूमिहीन दलित" भन्नाले नेपाल राज्यभित्र आफ्नो वा आफ्नो परिवारको स्वामित्वमा जग्गा जमिन नभएको र आफ्नो वा आफ्नो परिवारको आय आर्जन, स्रोत वा प्रयासबाट जग्गाको प्रबन्ध गर्न असमर्थ राष्ट्रिय दलित आयोगले सूचीकरण गरेका जातिका व्यक्ति सम्झनु पर्दछ र सो शब्दले निजप्रति आश्रित परिवारका सदस्यहरूलाई समेत जनाउँछ।



नेपाल सरकार
भूमि समस्या समाधान आयोग
ताहाचल, काठमाडौं

(छ) "भूमिहीन सुकुम्बासी" भन्नाले नेपाल राज्यभित्र आफ्नो वा आफ्नो परिवारको स्वामित्वमा जग्गा जमिन नभएको र आफ्नो वा आफ्नो परिवारको आय आर्जन, स्रोत वा प्रयासबाट जग्गाको प्रबन्ध गर्न असमर्थ व्यक्ति सम्झनु पर्दछ र सो शब्दले निजप्रति आश्रित परिवारका सदस्यहरूलाई समेत जनाउँछ।

(ज) "मन्त्रालय" भन्नाले भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयलाई सम्झनु पर्छ ।

(झ) "जिल्ला समिति" भन्नाले भूमि समस्या समाधान आयोग गठन आदेश, २०८१ को दफा ८ बमोजिमको जिल्ला समिति सम्झनु पर्छ ।

(ञ) "बाँकी काम" भन्नाले भूमि समस्या समाधान आयोग गठन आदेश, २०८१ को दफा २० र दफा २८ बमोजिमको बाँकी काम सम्झनु पर्छ ।

(ट) "विगतका आयोग, कार्यदल वा समिति" भन्नाले २०७९/०१/०१ भन्दा अघि नेपाल सरकारले राजपत्रमा सूचना प्रकाशित गरी भूमि सम्बन्धी समस्या समाधान गर्न गठित आयोग, कार्यदल, वा समिति वा आधिकारिक निकाय र मालपोत ऐन, २०३४ को दफा ७ को उपदफा (१क) बमोजिम गठित (स्वबासी घरजग्गा र बेनिस्सा जग्गा दर्ता समिती बाहेक) जग्गा दर्ता समितिलाई सम्झनु पर्छ।

(ठ) "स्थानीय तह" भन्नाले गाउँपालिका, नगरपालिका, उपमहानगरपालिका र महानगरपालिका सम्झनु पर्छ ।

## परिच्छेद- २
## बाँकी काम सम्पन्न गर्ने गराउने सम्बन्धी

३. बाँकी कामको पहिचानः भूमि समस्या समाधान आयोग/जिल्ला समितिले विगतका आयोग, समिति, कार्यदल र आधिकारिक निकायबाट सम्पन्न हुन बाँकी कामहरू देहायबमोजिम पहिचान गर्नु पर्नेछः-

(क) जग्गाधनी दर्ता श्रेस्ता र जग्गाधनी दर्ता प्रमाण पुर्जा लागू भएका तर नापी नक्सा प्रमाणित नभएका जग्गा,

(ख) नापी नक्सा, नापी क्षेत्रीय किताब (फिल्डबुक), जग्गाधनी श्रेस्ता / पुर्जा सबै कागजात प्रमाणित भएको तर मालपोत असुल गर्न बाँकी रहेका जग्गा,

(ग) एउटै कित्ता जग्गाको जग्गाधनी दर्ता प्रमाण पुर्जा एकभन्दा बढी व्यक्तिसँग रहेको जग्गा,

(घ) तत्कालीन आयोग, समिति वा कार्यदलले तोकेको दस्तुरको किस्ता बुझाउन बाँकी रहेको जग्गा,

(ङ) बुझाउनु पर्ने राजस्वमध्ये किस्ताबन्दीमा बुझाई बाँकी किस्ता नबुझाएको जग्गा,



नेपाल सरकार भूमि समस्या समाधान आयोग

(च) जग्गाधनी दर्ता श्रेस्ता तयार भएको तर जग्गाधनी प्रमाण पुर्जा नबनेका जग्गा,

(छ) जग्गाधनी दर्ता श्रेस्ता कायम भएको तर जग्गाधनीले भोग नगरी अन्य व्यक्तिले भोग गरेको जग्गा,

(ज) नापी नक्सा बमोजिम भोगमा फरक परेको जग्गा,

(झ). नापी नक्सा प्रमाणित नभएका कारणले साविकको कित्ता जग्गामध्येबाट तर्फ खुलाई घरायसी कागजातको आधारमा खरिद विक्रि भएको जग्गा,

(ञ) सरकारी प्रकृतिमा नाप नक्सा भई विभिन्न समयमा विक्रि वितरण भएका लगतकट्टा गर्न बाँकी जग्गा,

(ट) नापी नक्सा प्रमाणित नभएको वा नापी नक्सा नै नभएको तर जग्गाधनी दर्ता श्रेस्ता कायम रहेको जग्गा,

(ठ) जग्गाधनी दर्ता प्रमाण पुर्जा वितरण भएको तर जग्गाधनी दर्ता श्रेस्ता तयार नभएको जग्गा,

(ड)जग्गाधनी दर्ता श्रेस्ता पुर्जा तयार भएको तर जग्गाधनी दर्ता प्रमाण पुर्जा तयार नभएको जग्गा

(ढ)जग्गाधनी दर्ता श्रेस्ता पुर्जा तयार भएको तर उक्त श्रेस्ता लागू नभएको जग्गा,

(ण) अघिल्ला आयोगका निर्णयलाई पछिल्ला आयोगले बदर गरेका तर मालपोत कार्यालयमा रहेका मोठ श्रेस्तामा व्यहोरा जनाउन बाँकी रहेका जग्गा,

(त) नापी क्षेत्रीय किताब (फिल्डबुक) तयार भएका तर प्रमाणित हुन बाँकी र नापी क्षेत्रीय किताब नै तयार नभएका जग्गा,

(थ) मालपोत ऐन, २०३४ को दफा ७ को उपदफा (१क) बमोजिम बेनिस्सा र स्ववासी जग्गा दर्ता बाहेकका अन्य क्षेत्रमा गठित समितिले दर्ता गर्न बाँकी रहेका कामहरू,

(द) जिल्ला समितिले पहिचान गरेका विगतका आयोग, समिति, आधिकारिक निकाय र कार्यदलबाट यस आयोगले नापनक्सा गर्नुपर्ने प्रकृतिका जग्गाहरु नापनक्सा भै फिल्बूक समेत कायम भै दर्ता हुन् बाँकी रहेका जग्गाहरु ।

**४. सूचना गर्नुपर्नेः** (१) आयोगले पहिचान गरेका बाँकी कामहरू सम्पन्न गर्नेका लागि भूमि सम्बन्धी नियमहरू, २०२१ को नियम ४१न को उपनियम (१) बमोजिम ३५ (पैतिस) दिनभित्र आवश्यक कागज प्रमाणहरू सहित निवेदन दिन राष्ट्रियस्तरको दैनिक पत्रिकामा अनुसूची- १ को ढाँचामा सार्वजनिक सूचना प्रकाशन गर्नु पर्नेछ । त्यस्तो सूचना सार्वजनिक सञ्चारका माध्यमबाट समेत प्रकाशन गर्न सकिनेछ ।



नेपाल सरकार
भूमि समस्या समाधान आयोग
ताहाचल, काठमाडौं

(२) उपदफा (१) बमोजिमको सूचनाअनुसार अनुसूची-२ बमोजिमको ढाँचामा परिवारमूली वा निजको परिवारको सदस्यले वा कानूनबमोजिम अधिकारप्राप्त व्यक्तिले आयोगको जिल्ला समितिको कार्यालयमा आफूसँग भएको प्रमाण तथा कागजात संलग्न गरी तोकिएको म्यादभित्र निवेदन दर्ता गर्नु पर्नेछ ।

(३) बाँकी काम सम्पन्न गर्ने प्रयोजनका लागि विघटित राष्ट्रिय भूमि आयोगको जिल्ला समितिमा निवेदन दिइसकेको भए सोको विवरण सार्वजनिक गरी त्यस्ता निवेदकहरूबाट आवश्यक थप वा पूरक प्रमाण तथा कागजातहरू पेस गर्न र कुनै दाबीविरोध वा उजुर गर्नुपर्ने भएमा सोका लागि जिल्ला समितिले कम्तीमा ७ (सात) दिनको म्याद दिई सूचना प्रकाशन गर्नु पर्नेछ ।

५. अभिलेख माग गर्नेः (१) आयोग वा जिल्ला समितिले दफा ४ को उपदफा (२) को निवेदनसँग सम्बन्धित कागजात, विवरण, प्रमाण, जग्गा विक्रि वितरणसम्बन्धी मिसिल, निर्णय, अभिलेख, नक्सा र श्रेस्ता लगायतका कागजातहरू सम्बन्धित कार्यालयहरूबाट माग गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम माग भएका कागजात, लगत अभिलेख रहेका सम्बन्धित कार्यालयले प्रमाणित गरी जिल्ला समितिलाई उपलब्ध गराउनु पर्नेछ ।

६. निवेदन उपर छानबिन र निर्णयः (१) दफा ३ बमोजिमका बाँकी रहेका कामहरूलाई जिल्ला समितिले छानबिन गरी देहायबमोजिम निर्णय गर्नु पर्नेछः-

(क) जग्गाधनी दर्ता श्रेस्ता र जग्गाधनी दर्ता प्रमाण पुर्जा लागू भएका तर नापी नक्सा प्रमाणित नभएका जग्गाको चेक जाँच गरी नाप नक्सा प्रमाणित गर्ने,

(ख) नापी नक्सा, नापी क्षेत्रीय किताब (फिल्डबुक), जग्गाधनी श्रेस्ता/पुर्जा सबै कागजात प्रमाणित भएको तर मालपोत असुली गर्न बाँकी रहेको जग्गाको हकमा मालपोत असुल गर्न सम्बन्धित मालपोत कार्यालय र स्थानीय तहमा लेखी पठाउने,

(ग) एउटै कित्ता जग्गाको जग्गाधनी प्रमाण पुर्जा एकभन्दा बढी व्यक्तिसँग रहेको भएमा भोगसम्बन्धी स्थलगत सर्जमिन र प्रमाणका आधारमा निर्णय गर्ने,

(घ) तत्कालीन आयोग, समिति वा कार्यदलले तोकेको दस्तुरको किस्ता बुझाउन बाँकी रहेको जग्गा भएमा बाँकी किस्ताको रकम दाखिला गराई श्रेस्ता वा जग्गाधनी दर्ता प्रमाण पुर्जा लागू गराउनका लागि जिल्ला समितिले निर्णय गरी सम्बन्धित मालपोत कार्यालयलाई लेखी पठाउनु पर्नेछ । बाँकी किस्ताको रकम असुली गर्दा मालपोतकार्यालयले चालू आ.व. को रजिस्ट्रेसन प्रयोजनका लागि निर्धारण गरेको न्यूनतम मूल्याङ्कनलाई आधार मान्नु पर्नेछ । स्पष्टीकरणः बाँकी किस्ता भन्नाले तत्कालीन समयमा जम्मा तिर्नुपर्ने रकमलाई



नेपाल सरकार
भूमि समस्या समाधान आयोग
ताहाचल, काठमाडौं

शतप्रतिशत मानी तिरेको रकमको प्रतिशत घटाउने र तिर्न बाँकी प्रतिशत हालको न्यूनतम मूल्याङ्कनको आधारमा हुन आउने रकम एकमुष्ट असुल गर्नु पर्नेछ । कुनै आयोग, कार्यदल र समितीले राजस्वको बिषयमा तोकेको अभिलेख फेला नपरेको खण्डमा बुझाउनु पर्ने राजस्व जिल्ला समितिले प्रचलित कानुन अनुसार निर्धारण गर्न सक्नेछ ।

(ङ) जग्गाधनी दर्ता श्रेस्ता तयार भएको तर जग्गाधनी दर्ता प्रमाण पुर्जा नबनेका जग्गाको हकमा भोग र प्रमाणका आधारमा जग्गाधनी दर्ता प्रमाणित गरी जग्गाधनी प्रमाण पुर्जा तयार गर्न निर्णय गर्ने,

(च) जग्गाधनी दर्ता श्रेस्ता कायम भएको जग्गाधनीले भोग नगरी अन्य व्यक्तिले भोग गरेको जग्गाको हकमा भोग र प्रमाणका आधारमा जग्गाधनी दर्ता प्रमाण पुर्जा दिने निर्णय गर्ने,

(छ) नापी नक्सा बमोजिम भोगमा फरक परेको जग्गाको हकमा भोग र प्रमाणका आधारमा नक्सा संशोधन गरी श्रेस्ता पुर्जामा उल्लिखित क्षेत्रफलमा नबढ्ने गरी जोतभोगकर्तालाई जग्गाधनी दर्ता प्रमाण पुर्जा दिने निर्णय गर्ने,

(ज) नापी नक्सा प्रमाणित नभएका कारणले साविकको कित्ता जग्गामध्येबाट तर्फ जनाई खरिद बिक्रि भएको जग्गा भएमा हक भोग र लिखत प्रमाणका आधारमा नक्सा अद्यावधिक गर्ने,

(झ) सरकारी प्रकृतिका नाप नक्सा भई विभिन्न समयमा बिक्रि वितरण भएका लगतकट्टा गर्न बाँकी जग्गा भएमा साबिकको जग्गाको लगतकट्टा गर्ने निर्णय गर्ने,

(ञ) नापी नक्सा प्रमाणित नभएको वा नापी नक्सा नै नभएको तर जग्गाधनी दर्ता श्रेस्ता कायम रहेको जग्गाको हकमा भोग र प्रमाणको आधारमा नापी नक्सा तयार गरी प्रमाणित गर्न निर्णय गर्ने,

(ट) जग्गाधनी दर्ता श्रेस्ता पुर्जा तयार भएको तर जग्गाधनी दर्ता प्रमाण पुर्जा तयार नभएको जग्गाको हकमा श्रेस्ता, भोग र प्रमाणका आधारमा जग्गाधनी दर्ता प्रमाण पुर्जा तयार गर्ने निर्णय गर्ने,

(ठ) जग्गाधनी दर्ता प्रमाण पुर्जा वितरण भएको तर जग्गाधनी दर्ता श्रेस्ता तयार नभएको जग्गाको हकमा भोग र प्रमाणका आधारमा जग्गाधनी दर्ता श्रेस्ता तयार गर्ने निर्णय गर्ने,

(ड) जग्गाधनी दर्ता श्रेस्ता पुर्जा तयार भएको तर उक्त श्रेस्ता लागू नभएको जग्गाको हकमा पूर्वनिर्णय र प्रमाणका आधारमा कानून सम्मत भएमा लागु गर्ने निर्णय गर्ने,

(ढ) अघिल्ला आयोगका निर्णयलाई पछिल्ला आयोगले बदर गरेका तर मालपोत कार्यालयमा रहेका मोठ श्रेस्तामा व्यहोरा जनाउन बाँकी रहेका जग्गाको हकमा भोग र प्रमाणको आधारमा निर्णय गरी कार्यान्वयनका लागि मालपोत कार्यालयमा लेखी पठाउने,



नेपाल सरकार
भूमि समस्या समाधान आयोग
ताहाचल, काठमाडौं

(ण) नापी क्षेत्रीय किताब (फिल्डबुक) तयार भएका तर प्रमाणित हुन बाँकी जग्गाको हकमा नापी नक्सा र जग्गाधनी दर्ता श्रेस्ता र भोगको आधारमा निर्णय गर्ने ।

(त) नापी क्षेत्रीय किताब नै तयार नभएका जग्गाको हकमा चेकजाँच गरी नापी नक्सा र जग्गाधनी दर्ता श्रेस्ता र भोगको आधारमा निर्णय गर्ने ।

(थ) मालपोत ऐन, २०३४ को दफा ७ को उपदफा (१क) बमोजिम बेनिस्सा र स्वबासी जग्गा दर्ता बाहेकका अन्य क्षेत्रमा गठित समितिले दर्ता गर्न बाँकी रहेका जग्गाका सम्बन्धमा भोग, नक्सा, नापी क्षेत्रीय किताब (फिल्डबुक), जग्गाधनी दर्ता श्रेस्ता, तत् तत् समितिहरूको निर्णयहरू र अन्य प्रमाणका आधारमा निर्णय गर्ने,

(द) जिल्ला समितिले पहिचान गरेका विगतका आयोग, समिति, कार्यदल र आधिकारिक निकाय बाट सम्पन्न गर्न बाँकी अन्य कामहरूको सम्बन्धमा भोग, नक्सा, नापी क्षेत्रीय किताब (फिल्डबुक), जग्गाधनी दर्ता श्रेस्ता, तत् तत् समितिहरूको निर्णयहरू र अन्य प्रमाणका आधारमा निर्णय गर्ने ।

(२) उपदफा (१) बमोजिम भोगसम्बन्धी पुष्टि गर्नका लागि स्थलगत सर्जमिन गर्नु पर्नेछ ।

(३) जिल्ला समितिले प्राप्त निवेदनको अध्ययन गरी पूर्व निर्णय कार्यान्वयन गर्न बाँकी भए प्रमाणको मूल्याङ्कन गरी निर्णय कार्यान्वयन वा संशोधन वा खारेज गर्नुपर्ने देखिएमा जिल्ला समितिबाट व्यहोरा खुलाई निर्णय गर्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम संशोधन गर्दा जग्गाधनी दर्ता प्रमाण पुर्जालाई आधार मानी नापी तथा मालपोतमा रहेका श्रेस्ता सुधार वा संशोधन वा प्रमाणित गर्नुपर्ने भएमा जिल्ला समितिले निर्णय गर्नु पर्नेछ ।

(५) उपदफा (३) र (४) बमोजिमको निर्णय कार्यान्वयन गर्न स्वीकृत भएका नक्सा र क्षेत्रीय किताब (फिल्डबुक) सम्बन्धित जिल्लाको सदरमुकामस्थित नापी कार्यालयको नापी अधिकृत र जग्गाधनी दर्ता श्रेस्ता र जग्गाधनी दर्ता प्रमाण पुर्जा भूमिसुधार तथा मालपोत कार्यालयको मालपोत अधिकृत वा मालपोत कार्यालयको प्रमुखले प्रमाणित गर्नु पर्नेछ ।

**७. बाँकी कामको निर्णय कार्यान्वयनः** (१) दफा ६ बमोजिमका बाँकी कार्य सम्पन्न गरी *भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बासोबासीलाई जग्गा उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०८१ को अनुसूची-८ र अनुसूची-९* बमोजिमको जग्गाधनी दर्ता श्रेस्ता र जग्गाधनी दर्ता प्रमाण पुर्जा तयार गर्नु पर्नेछ ।

(२) उपदफा (१) र दफा ६ बमोजिम भएको निर्णयलाई कार्यान्वयन गर्ने गराउने दायित्व जिल्ला समितिको हुनेछ ।

नेपाल सरकार
भूमि समस्या समाधान आयोग
ताहाचल, काठमाडौं

## परिच्छेद- ३

## विविध

८. खारेजी र बचाउ: (१) अधुरा कार्य सम्पादन कार्यविधि, २०७८ खारेज गरिएको छ ।

(२) उपदफा (१) मा उल्लिखित कार्यविधि बमोजिम भए गरेका कार्य यसै कार्यविधिबमोजिम भएको मानिनेछ ।

९. बाधा अड्काउ फुकाउने अधिकार: यो कार्यविधि कार्यान्वयनका क्रममा अस्पष्टता वा द्विविधा भई बाधा अड्काउ परेमा आवश्यकताअनुसार आयोगको सिफारिसमा मन्त्रालयले निर्णय गरी फुकाउन सक्नेछ ।

१०. प्रचलित कानूनबमोजिम हुने: यस कार्यविधिमा भएका व्यवस्थाहरू प्रचलित कानूनसँग बाझिन गएमा बाझिएको हदसम्म प्रचलित कानूनबमोजिम हुनेछ ।

नेपाल सरकार
भूमि समस्या समाधान आयोग
ताहाचल, काठमाडौं

अनुसूची - १

(दफा ४ को उपदफा (१) सँग सम्बन्धित )

भूमि समस्या समाधान आयोग

..........................................

सूचना प्रकाशित मिति :......................................

**विषयः-जग्गाको स्वामित्व, दर्ता श्रेस्ता, फिल्डबुक प्रमाणित लगायतका विषयमा ३५ (पैतिस) दिने सूचनाप्रकाशित गरिएको ।**

नेपाल सरकारले मिति २०८१/०६/१४ भन्दा अगाडि प्रचलित कानूनबमोजिम गठन गरेका आयोग, कार्यदल, समितिबाट विक्रि/वितरण गरेका जग्गाहरूको स्वामित्व वा दर्ता श्रेस्ता वा नक्सा प्रमाणितसँग सम्बन्धित कुनै समस्या भए आवश्यक प्रमाण कागजातसहित विगतका आयोग, समिति र कार्यदलका बाँकी काम सम्पन्न गर्ने सम्बन्धी कार्यविधि, २०८१ को अनुसूची २ बमोजिमको ढाँचामा जिल्ला समितिको सचिवालयमा सूचना प्रकाशन भएको मितिले ३५ (पैतिस) दिनभित्र निवेदन पेस गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

नेपाल सरकार
भूमि समस्या समाधान आयोग
ताहाचल, काठमाडौं

अनुसूची– २

(दफा ४ को उपदफा (२) सँग सम्बन्धित)

भूमि समस्या समाधान आयोग

............................जिल्ला समिति

**विषयः जग्गाधनी दर्ता प्रमाण पुर्जासम्बन्धी बाँकी काम सम्पन्न गरी पाऊँ ।**

श्रीमान् अध्यक्षज्यू,
जिल्ला समिति..............................
..................................................।

प्रस्तुत विषयमा विगतको...............................आयोग/कार्यदल/समितिबाट मिति .............................. मा भएकोनिर्णयबमोजिम प्राप्त गरेको वा मैले /..................................ले भोग चलन गरेको जग्गाको देहायबमोजिमको समस्याभएकोले आवश्यक छानबिन गरी बाँकी काम सम्पन्न गरी समस्या समाधान गरिदिन तपसिलबमोजिमको विवरण रप्रमाण कागजात राखी यो निवेदन पेस गरेको छु ।

१. जग्गा प्राप्त गर्ने वा भोग चलन गर्नेको नाम थर :
२. जग्गासम्बन्धी विवरण :
जग्गा रहेको साविकको स्थानः
जग्गा रहेको हालको स्थान :
वडा नं.नक्सा नं :कित्ता नं.:क्षेत्रफलः
३. वितरण गरेका जग्गासँग सम्बन्धित समस्याः
..................................................................................................................................
..................................................................................................................................
..................................................................................................................................
..................................................................................................................................
..............................................................................................
४. निवेदन साथ पेस गरेका कागजातहरूः
(क) नागरिकता प्रमाणपत्रको प्रतिलिपि,
(ख) स्थानीय तहको वडा कार्यालयको सिफारिस,
(ग) जग्गासम्बन्धी कागज प्रमाणहरू
(ङ) आवश्यक परे नाता प्रमाणित
(छ) अन्य

उपरोक्तअनुसारको विवरण ठिक साँचो हो, झुट्टा ठहरे प्रचलित कानूनबमोजिम सजाय भोग्न मञ्जुर छु ।

निवेदकको नाम थरः-
दस्तखतः- नागरिकता प्र.प.नं : सम्पर्क नं.:-

नेपाल सरकार
भूमि समस्या समाधान आयोग
ताहाचल, काठमाडौं